# प्रेस विज्ञप्ति

UNITED NATIONS
HUMAN RIGHTS
OFFICE OF THE HIGH COMMISSIONER

**जेनेभास्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्द्वारा नेपालको मानवअधिकार स्थितिको समीक्षा**

२०१० चैत १०

*काठमाडौं* - संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उपउच्चायुक्त क्युङ-ह्वा काङले नेपालको मानवअधिकार स्थितिसम्बन्धी उच्चायुक्तको प्रतिवेदन जेनेभास्थित मानवअधिकार परिषद्को १६औं अधिवेशनमा बुधवार प्रस्तुत गर्नुभयो। यो प्रतिवेदन अघिल्ला वर्ष भएका मानवअधिकारसँग सम्बन्धित मुख्य घटनाक्रम तथा चुनौतीहरूमा केन्द्रित र नेपालस्थित उच्चायुक्तको कार्यालयले गरेको मानवअधिकार स्थितिको अनुगमन तथा राज्यका निकाय र नागरिक समाजलाई दिएको प्राविधिक सहायतालगायत उसका गतिविधिहरूबारे पेस गरिने वार्षिक प्रतिवेदन हो।

यस वर्षको प्रतिवेदनले लम्बिएको राजनीतिक गतिरोधले नयाँ संविधानलाई अन्तिम रूप दिने कार्य तथा दण्डहीनताको सम्बोधनका लागि अत्यन्त महत्त्वपूर्ण मानिएका सङ्क्रमणकालीन न्याय संयन्त्रहरूको स्थापनामा भएको ढिलासुस्तीलगायत शान्ति प्रक्रियामा पारेका असरहरूमाथि प्रकाश पार्दछ। द्वन्द्वसँग सम्बन्धित र द्वन्द्वोत्तर कालमा भएका मानवअधिकार उल्लङ्घन तथा जात, लिङ्ग र यौन झुकावका आधारमा हुने व्यापक विभेदपूर्ण अभ्यासहरूका सम्बन्धमा जवाफदेहीताको अभाव हुनु निकै ठूलो चिन्ताको विषय रहेको छ।

जेनेभामा भएको आफ्नो प्रस्तुतिका क्रममा उपउच्चायुक्तले उच्चायुक्तको कार्यालय विश्वव्यापी आवधिक समीक्षाका सिफारिसहरूको कार्यान्वयनलगायतका कार्य गरेर यी चुनौतीहरूलाई पूरा गर्न सरकार, राष्ट्रिय मानवअधिकार संस्थाहरू तथा नागरिक समाजलाई सहयोग गर्न पूर्ण रूपले प्रतिबद्ध रहेको कुरामा जोड दिनुभयो। सो प्रतिवेदनमा सुरक्षाफौजका लागि बाह्य निगरानी संयन्त्रको स्थापना तथा उच्चतम अन्तर्राष्ट्रिय मापदण्डसँग अनुकूल हुनेगरी जातीय विभेद तथा छुवाछुतलाई अपराधीकरण गर्न बनेको मस्यौदा विधेयकलाई शीघ्र रूपले पारित गर्नेलगायतका नेपालको मानवअधिकार स्थितिमा सुधार ल्याउन ठोस सिफारिसहरूको शृङ्खला पनि समावेश छ।

उपउच्चायुक्तले देशमा गएको १२ महिनामा गरिएका प्रगतिमाथि पनि प्रकाश पार्नु भयोः। आफ्नो वक्तव्यमा उहाँले “लैङ्गिक हिंसाविरुद्ध राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले हासिल गरेका प्रगतिहरूको स्वागत गर्नुभयो। उच्चायुक्तको कार्यालयले सुरक्षा परिषद्का प्रस्तावहरू १३२५ र १८२० सम्बन्धी राष्ट्रिय कार्ययोजनालाई अन्तिम रूप दिने दक्षिण एसियामा पहिलो देश बनेकोमा नेपालको प्रशंसा पनि गरेको छ,” उहाले थप भन्नुभयो।

यो प्रतिवेदन http://nepal.ohchr.org/en/reports.html मा उपलब्ध हुनेछ।


Office of the High Commissioner for Human Rights

Tel.: + 977 1 4280164
Fax: + 977 1 467 0712
Website: http://nepal.ohchr.org

For further information, contact
Chun Gurung
Ext. : 320
Email: cgurung@ohchr.org
Mobile: 98510 16937